# अन्तर विद्यालय

# अवलोकन भ्रमण

# प्रतिवेदन

## श्री जीवनोद्धार माध्यमिक विद्यालय

कालीगण्डकी गा.पा.-४, पूर्तिघाट, गुल्मी

मिति : २०८२/०२/३० गते शुक्रबार

# लेखन समिति

| क्र.सं. | शिक्षक तथा कर्मचारीको नामथर | पद | कै. |
|---|---|---|---|
| १. | गोविन्द गौतम | शिक्षक | |
| २. | सुन्दर आले | शिक्षक | |

# विषयसूचि


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या | कै. |
|---|---|---|---|
| १. | पृष्ठभूमि | १ | |
| २. | भ्रमणको उद्देश्य | १ | |
| ३. | भ्रमणका गतिविधि र क्रियाकलापहरु | १ | |
| ४. | श्री ध्रुवज्योति माध्यमिक विद्यालय | २ | |
| ५. | श्री मिर्मी आधारभूत विद्यालय | ४ | |
| ६. | कालीगण्डकी जलविद्युत आयोजना | ५ | |
| ७. | भ्रमणका सबल पक्षहरु | ६ | |
| ८. | भ्रमणका दुर्वल पक्षहरु | ६ | |
| ९. | सुझाव तथा निष्कर्ष | ६ | |
| १०. | परिशिष्ट खण्ड | ७,८,९ | |

## १. पृष्ठभूमि

मिति २०८२/०२/३० गते शुक्रबारका दिन यस श्री जीवनोद्धार माध्यमिक विद्यालय कालीगण्डकी गाउँपालिका-४, पूर्तिघाट, गुल्मीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री निम बहादुर श्रीसज्यूको नेतृत्व तथा शिक्षक अभिभावक संघका अध्यक्ष श्री गोपिराम पुनज्यू एवम् विद्यालयका प्रधानाध्यापक श्री प्रेम बहादुर थापाज्यूको समन्वय तथा विद्यालय व्यवस्थापन समितिका सदस्य श्री मेघराज शर्माज्यूको सहजीकरण र विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीको सहभागितामा एक दिवसीय अन्तर विद्यालय अवलोकन भ्रमण तथा सिकाई आदान प्रदान कार्यक्रममा सहभागि भई सहकार्य गर्ने अवसर जुर्यो । उक्त अवसर जुराउनका लागि क्रियाशील रहनुहुने सम्पूर्ण सम्बन्धी पक्षहरुलाई हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछौं ।

## २. भ्रमणको उद्देश्य

अन्तरविद्यालय अवलोकन गरी उक्त विद्यालयहरुमा देखिएका असल अभ्यासहरुलाई हाम्रो विद्यालयमा कार्यान्वयन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र भौतिक रुपमा राम्रो विद्यालय बनाउनका लागि पहल गर्नु ।

## ३. भ्रमणका गतिविधि र क्रियाकलापहरु

निर्धारण गरेका दुईवटा विद्यालयहरु मध्ये श्री ध्रुवज्योति माध्यमिक विद्यालय, कालीगण्डकी गा.पा.-६, दब्छे, स्याङ्जा हाम्रो पहिलो गन्तव्य रह्यो । विद्यालयको भौतिक शैक्षिक वातावरणीय समग्र पक्षको अवलोकन गर्नका साथै उक्त विद्यालयका प्रधानाध्यापक श्री हिरा बहादुर गाहा मगरको प्रशिक्षणात्मक क्रियाकलाप तथा कार्य सहजीकरणमा सहभागि भयौं । व्यवस्थित गरेका कक्षा कोठाको अवलोकन पनि गरियो । उक्त विद्यालयका शिक्षक कर्मचारीको न्यानो आतिथ्यताले निकै प्रभाव हाम्रो मानसपटलमा पारेको अनुभव गरियो ।

## ४. श्री ध्रुवज्योति माध्यमिक विद्यालय

**श्री ध्रुवज्योति माध्यमिक विद्यालयका असल अभ्यासहरुलाई निम्नानुसारका बुँदामा समेट्ने प्रयास गरिएको छ ।**

**<u>तपसिलः-</u>**

- विद्यालय समुदाय बीच अन्योन्याश्रित सम्बन्ध कायम गरिएको ।
- वि.व्य.स., शि.अ.स. का साथै भूतपूर्वक शिक्षक तथा अध्यक्ष र चन्दादाताहरुलाई सल्लाहकारमा राखि विद्यालयको आवश्यकता अनुसार आमन्त्रण गर्ने गरिएको ।
- शिक्षकहरुमा कार्य विभाजन गरिएको र जिम्मेवारी पूर्ण रुपमा पालना गरिएको ।
- बालविकास देखि कक्षा ३ सम्मलाई भुईमा बस्ने व्यवस्था मिलाउनुको साथै कक्षाकोठा शैक्षिक सामाग्रीहरुद्वारा आकर्षक बनाइएको ।
- नियमित रुपमा भित्ते पत्रिका प्रकाशन गर्ने गरिएको । जसमा विद्यार्थीहरुका कला र सिपहरु प्रस्तुत हुने गरिएको ।
- फोहोरमैलाको उचित व्यवस्थापन र सरसफाइमा विद्यार्थीहरुलाई नै उत्तरदायी बनाइएको ।
- प्रस्तावित मा.वि. भए पनि कक्षा ११ र १२ मा कुनै दरबन्दी र अनुदान नभएको तर कक्षा १० सम्म अध्यापन गराउनुहुने शिक्षकहरुबाट नै कक्षा ११ र १२ सञ्चालन गरिएको ।
- पुस्तकालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला व्यवस्थित र आकर्षक बनाइएको ।
- बगैचाँ व्यवस्थित गरिएको र फूल उत्पादन गरी आम्दानि समेत गर्ने गरिएको ।
- मिन पचास लगाएतका अन्य स्थानीय विदा कट्टी गरिएको ।

- बैशाख देखि कार्त्तिक सम्म बेलुका ५ बजे सम्म सबै कक्षा सञ्चालन हुने गरेको ।
- शिक्षक, विद्यार्थी र कर्मचारीहरु सबैले खाजा घरबाट ल्याउने अभ्यास गरिएको ।
- दिवा खाजाको रकम अभिभावकलाई दिने व्यवस्था मिलाईएको ।
- नियमित शिक्षक तथा विद्यार्थी उपस्थिति विवरण हरेक दिन सबैले देख्ने गरी अद्यावधिक गरी प्रकाशन गरिएको ।
- हरेक वर्ष उत्कृष्ट शिक्षक र विद्यार्थीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था गरिएको ।
- शिक्षक तथा विद्यार्थीहरुको जन्मोत्सवका दिन स्वैच्छिक रुपमा विद्यालयलाई रकम सहयोग गरि कोष खडा गरिएको ।
- शिक्षक तथा कर्मचारीहरु मिलसार, सहयोगि, कर्तव्यनिष्ठ, घरलाई भन्दा विद्यालयलाई माया गर्ने खालका रहेका ।
- कक्षामा विद्यार्थीहरुको कार्य विभाजन हुने गरेको साथै कक्षामा शिक्षकको आउने जाने समय विद्यार्थीले टिपोट गर्ने व्यवस्था मिलाई त्यसको समिक्षा हरेक मसान्तमा समिक्षा गरिएको ।
- एक दिनमा दुई जना भन्दा बढि शिक्षक विदामा बस्न नपाइने सहमति गरी कार्यान्वयन गरिएको ।
- निर्धारित समय भन्दा ढिला शिक्षक विद्यालयमा आए हाजिर नगरि पढाउने वा फर्केर जाने व्यवस्था भएको ।
- पुस्तकालय, कम्प्युटर ल्याव आदिका लागि रुम टु रिड भन्ने संस्थाले सहयोग गरेको ।
- नियमित शिक्षक डायरी प्रयोग गरी कक्षामा प्रवेश गर्नुपूर्व प्रधानाध्यापकलाई हस्ताक्षार गराई अध्यावधिक गरिएको ।

- विद्यालय भित्र कुनै किसिमका खेलकूद कार्यक्रम सञ्चालन नगरी नजिकै रहेको खेलमैदानमा आवश्यकता अनुसार गर्ने गरिएको ।
- अतिरिक्त क्रियाकलाप हरेक शुक्रबार दिउँसो २ बजे पछि नियमित रुपमा सञ्चालन गरिएको ।
- विद्यालयको आयव्याय मासिक रुपमा सार्वजनिक गर्ने गरिएको ।
- विद्यालयको गेटमा नागरिक वडापत्र र वार्षिक शैक्षिक कार्यपात्रो सबैले देख्ने गरी राखिएको ।
- विद्यालय सञ्चालनको अवधिभर गेट बन्द गर्ने व्यवस्था गरिएको ।

## ५. श्री मिर्मी आधारभूत विद्यालय

अवलोकन भ्रमणको दोस्रो विद्यालयका रुपमा श्री मिर्मी आधारभूत विद्यालयलाई छनौट गरिएको थियो । उक्त दिन सो विद्यालयका शिक्षक शिक्षिकाहरु शैक्षिक भ्रमणमा जानु भएको हुँदा स्थानीय विद्यार्थीहरुको सहयोगमा विद्यालयको बाहिरी बातावरणको अवलोकन गर्ने अवसर मिल्यो । सो क्रममा विद्यालयका विभिन्न खाले सबल र सक्षम गतिविधिहरु विद्यार्थी खङ्ख्या, बगैचा आदिको अवलोकन गरियो । यस विद्यालयका असल अभ्यासाहरुलाई तपसिलका बुँदाहरुमा समेट्ने प्रयास गरिएको छ ।

<u>तपसिलः</u>

- समूदायको मानिसहरुको आर्थिक तथा भौतिक रुपमा पूर्ण सहयोग रहेको ।
- विज्ञान प्रयोगशाला खुला र आवश्यक पर्ने पूरै सामग्रीहरु राखि शैक्षिक सामाग्रीहरुको रुपमा प्रयोग गर्ने गरिएको ।
- आई.सि.टी. ल्यावमा कम्प्युटर र ल्याप्टप गरि झण्डै ३५ थान राखि विद्यालयहरुलाई सिकाइ सहजीकरण गर्ने गरिएको ।
- विद्यालयको प्राङ्गणमा आप लगाएतका विभिन्न प्रजातिका फलफूलहरु उत्पादन गरी विद्यार्थीका अभिभावकहरुलाई वितरण गर्ने गरिएको ।

- ❖ विद्यालयमा भर्खर प्रवेश गर्ने साना बालबालिकाहरुलाई एउटा छुट्टै खेल्ने र सिक्ने वातावरण सहितको कक्षाकोठा व्यवस्थापन गरिएको ।
- ❖ पुस्तकालय दुई वटा कोठामा व्यवस्थापन गरी एउटा कोठामा शैक्षिक सन्दर्भ सामग्रीहरु र अर्को कोठामा साहित्यिक तथा विभिन्न किसिमका सामान्य ज्ञान तथा मनोरञ्जनका पुस्तकहरु राखिएको ।
- ❖ विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका साथै उद्घोषण क्षमता विकासका लागि मिलिजुली बोलौं रेडियो कार्यक्रम सञ्चालन गरिएको ।
- ❖ प्रवेशद्वारमा सरस्वती मन्दिर निर्माण गरी विद्यार्थीहरुले प्रार्थना गरि विद्यालयमा प्रवेश गर्ने गरेको ।
- ❖ विद्यालयको सरसफाईका लागि विद्यार्थीहरुलाई नै उत्तरदायि बनाइएको ।
- ❖ कक्षा १-८ सम्म अङ्ग्रेजी भाषाको माध्यमबाट पठनपाठन गरिएको ।
- ❖ शैक्षिक गुणस्तरमा विशेष जोड दिइएको ।
- ❖ विहान ९:३५ मा शिक्षक तथा विद्यार्थीहरु प्रवेश गर्ने र ९:४० बाट प्रार्थना सञ्चालन गर्ने गरिएको ।

## ६. कालीगण्डकी जलविद्युत आयोजना

दुई वटा विद्यालयको भ्रमण पश्चात सबैको आग्रह र अनुरोधमा कालीगण्डकी जलविद्युत आयोजनाको बेलटारीमा अवस्थित जलविद्युत निर्माण केन्द्र र मिर्मिमा अवस्थित ड्याम साइडको अवलोकन भ्रमण गर्ने अवसर प्राप्त भयो । सो अवसरमा प्राप्त भएका उपलब्धि तथा ज्ञानहरु तपसिल अनुसार रहेको । सो सहजीकरणका लागि ठाकुर पाण्डेज्यूले गर्नुभएको । र जलविद्युत निर्माण केन्द्रमा सहजीकरणका लागि केन्द्रमा कार्यरत रोशन चौधरी ले गर्नुभएको ।

<u>तपसिल</u>

✓ विद्युत निर्माण केन्द्र र ड्याम साइड सात तलामा निर्माण रहेको ।

- ✓ विद्युत निर्माणका लागि तिन वटा टर्बाईन व्यवस्था रहेको र एक वटा टर्बाईनले ४८ मेगावाट विद्युत उत्पादन गरी समग्रमा १४४ मेगावाट विद्युत उत्पादन गरिएको ।
- ✓ केन्द्रमा प्रवेश गर्दा विद्युत गृहको नक्साङ्कनको बारेमा जानकारी प्रदान गरिएको ।
- ✓ विद्युत केन्द्रको साइडमा रहेको माछापालन कार्य पनि अवलोकन गरिएको ।
- ✓ ड्याम साइडमा प्रवेश गरे पश्चात पानि नालिबाट विद्युत उत्पादन केन्द्रमा लगिएको देखियो ।

## ७. भ्रमणका सबल पक्षहरु

निर्धारण गरिएको योजना भन्दा प्रतिकुल मौसमका कारण आकस्मिक रुपमा भए पनि यातायातको प्रबन्ध गर्न सकिएको । साथै शैक्षिक संस्थाका अतिरिक्त विद्युत गृह समेत अवलोकन गर्ने अवसर प्राप्त भएको । शान्त र सौहार्द पूर्ण वातावरणमा भ्रमण सम्पन्न भएको ।

## ८. भ्रमणका दुर्बल पक्षहरु

व्यवस्थापकीय पक्ष अलि कमजोर देखिएको । एउटै साधन नहुदा अलमल भएको ।

## ९. सुझाव तथा निष्कर्ष

आगामि दिनहरुमा यस्ता खाले अवलोकन भ्रमण गर्दा पूर्व योजना बनाई सकभर एउटै साधन र एक जनाको नेतृत्वमा भ्रमण गर्न सके फलदायि हुने ।

# १०. परिशिष्ट खण्ड

<u>श्री ध्रुवज्योति माध्यमिक विद्यालयका केहि झलकहरु</u>












# श्री मिर्मि आधारभूत विद्यालयका केहि झलकहरु

















<u>कालीगण्डकी जलविद्युत आयोजनाका केहि झलकहरु</u>

